# आदिवासी जनजाती विकास योजना

# कजरा सिंचाई आयोजना, रुपन्देही

## १. आदिवासी जनजाती/जनता

यो उप-आयोजनाको क्षेत्रमा अधिकांशत तराई क्षेत्रका जनता र केही नजिकका पहाडी जिल्लाहरुबाट बसाई सरी आएका मानिसहरु बसोबास गर्दछन् । जनसंख्याको १४ प्रतिशत थारु (आदिवासी जनता), ६.६ प्रतिशत दलीत, ८ प्रतिशत गुरुङ्ग भएको र बसाई सरी आएका आदिवासी मानिसहरुमा गुरुङ्ग पनि भएको सर्भेक्षणले देखाएको छ । कुल १२०० हेक्टर कमाण्ड क्षेत्र भएको कजरामा कुल ७७७ घरपरिवार भएको र परिवारको औषत आकार ८.६ व्यक्तिहरु भएको देखिन्छ ।

## २. कमजोर जनजातिहरुका सवाल र जोखिमहरु

व्यक्तिगत आधारमा प्रत्यक्ष रुपमा प्रभावित हुनेहरु बाहेकका आदिवासी जनजाती समुदायहरुमा यस आयोजनाले कुनै पनि प्रतिकूल असर पार्ने छैन । नमूना पुनर्वास कार्ययोजनामा उल्लेख भए अनुसार उप-आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित परिवारहरु मध्ये सत प्रतिशत परिवार (१७ घर परिवार) आदिवासी समुदायका छन् । तर कमाण्ड क्षेत्रको कुल जनसंख्याको बनौटमा उनीहरुको हिस्सा भने १४ प्रतिशत मात्रै छ । अधिकाँश आदिवासी जनजाती र अन्य कमजोर समुहहरु वर्तमानमा निर्णय गर्ने प्रकृयामा सीमान्तमा परेका छन् र अन्य व्यक्ति सरह आयोजनाबाट लाभ लिने स्थितिमा उनीहरु छैनन् । यस कमजोर समुह[1] (

---

[1] उप-आयोजना अन्तर्गतका कमजोर समुहहरुमा आदिवासी, दलीत, गरिब महिला वा महिला घरमूली भएका परिवार, बधुँवा श्रमिक, भूमिहिन, अतिक्रमण गर्ने व्यक्ति, सुकुम्बासी आदि समावेश छन् । आदिवासी जनजाती विकास योजना र कमजोर समुदाय विकास योजनालाई अन्तरपरिवर्तनीय शव्दहरुको रपमा प्रयुक्त गरिएको छ ।

जसमा  आदिवासी जनजाती समेत समावेश छन्, अर्थात थारु, दलीत, महिला, सिमान्तमा परेका कृषक, भूमिहिन, अधियामा वाली लगाउने आदि) का सवालहरु सम्वोधन गर्नुपर्नेआवश्यकता छ ताकि उनीहरु पनि आयोजनाका सक्रिय लाभान्वित वर्ग हुन सकुन् । यी वर्गहरु आफ्नो सीमित र खण्डित स्वामित्व एवं गरिबीको कारणले सिंचाईको फाइदामा कम वा सीमित पहुँच भएका व्यक्तिहरु हुन् ।

आफ्नो जातीयता वा अन्य सामाजिक-आर्थिक बिशेषताहरु जे भए तापनि अधिकाँश कमजोर समुहहरु सदैव उच्च जोखिममा छन् र उनीहरुलाई फाइदा उपलब्ध गराउने तर्फ पर्याप्त मात्रामा लक्षीत कृयाकलापहरु संचालन नगरेमा उनीहरु सीमान्तमै रहि रहनेछन् । कमजोर जनताको मुख्य मुख्य सवाल र समस्या एवं संभाव्य जोखिमहरुलाई उपयुक्त र प्रभावकारी ढंगले समाधान गर्नुपर्ने देखिन्छ । यस्ता केही सवालहरु निम्नानुसार छन् ।

| क्रसं | सवाल र समस्याहरु | भेद्यता र जोखिम |
|---|---|---|
| १. | उच्च असाक्षारता, सूचनामा न्यून तहको पहुँच, आयोजनाको असर तथा न्यूनीकरणका उपायहरु सम्बन्धी चेतनाको कमी, कमजोर नेतृत्व र व्यवस्थापकिय क्षमताको कमी | आयोजनाको फाइदामा पहुँच नहुन सक्ने र आयोजनाका फाइदाका सम्बन्धमा उनीहरुको अधिकारको वारेमा अनभिज्ञ रहन सक्ने । सचेतनाको कमीको कारणले आफ्नो जीविकामा सुधार ल्याउन आयोजनाको समर्थन प्राप्त गरी उपयोग गर्न अरु व्यक्तिको तुलनामा पछि परि रहने छन् । |
| २. | क्षतिपूर्ति वा अन्य नगद सहयोग, ज्याला रकम उचीत ढंगले व्यवस्थापन | प्राप्त गरेको रकम (क्षतिपूर्ति समेत) वा नगद सहयोगको दुरुपयोग गर्नसक्ने वा निहित स्वार्थ भएका व्यक्तिहरुबाट शोषित भई यस्तो रकम |

| | | |
|---|---|---|
| | गर्ने क्षमताको कमी | अनुत्पादक खर्चमा लगाउन सक्ने । |
| | | निर्णय गर्ने प्रक्रियामा निरन्तर सीमान्तमा रहि रहन सक्ने र आयोजनाको फाइदामा ठालू वर्गको वर्चस्व कायमै रहन सक्ने । |
| ३. | सामाजिक, मानविक, भौतिक, आर्थिक तथा प्राकृतिक श्रोत र व्यवस्थापनको कमी | प्राचिन सामाजिक मान्यता र पहिचानहरु टुक्रिने र हराउने सम्भावना जस्तै परिवार र पारिवारिक मद्दतको कमी |
| | वेरोजगारी र न्यून ज्याला | स्रोत साधन सम्पन्न कृषकहरुबाट शोषित हुनसक्ने । |
| ४. | कमजोर जनताको बहुसंख्यक हिस्सा ज्यालादारी भएको र कामको लागि वसाई सर्ने समेत भएको हुँदा उनीहरुमा मादक पदार्थको कुलत वस्ने र एचआईभि/एडस् लाग्न सक्ने संभावना रहेको | एच आइभि/ एड्स र यौनजन्य कृयाकलापबाट सर्न सक्ने अन्य रोगहरुबाट संक्रमित हुनसक्ने, बढ्दो मादक पदार्थ सेवन र जुवा, तास खेल्ने कुलतको कारणले प्रतिकूल स्वास्थ्य तथा आर्थिक असरबाट प्रभावित हुन सक्ने, र यी सबै कृयाकलापहरु बढ्दो स्वास्थ्य सम्बन्धी जोखिम र पारिवारिक तनाव तथा सामाजिक मूल्यको ह्रास तर्फ धकेल्न सहयोगी हुन सक्ने । |

## ३. आदिवासी जनजाती विकास योजना अन्तर्गतका कार्यक्रमहरु र बजेट

आदिवासी जनजाती विकास योजना अन्तर्गतका कार्यक्रमहरु उप-आयोजना क्षेत्रका लक्षीत समूहका आवश्यकताहरुमा केन्द्रित छन् । यसको लागि समुदायहरुमा लक्षीत समुहहरुको छनौट र गठन सावधानीपूर्वक गरी नेतृत्व

विकास, सीप अभिबृद्धि तथा आयमूलक कृयाकलापहरुमा उनीहरुलाई सहयोग गर्न सामग्री तथा सेवाहरु उपलव्ध गराउन जरुरी छ । जल उपभोक्ता संस्था, गाविस र गैर सरकारी संस्थाहरुले आयोजनाका कृयाकलापहरुबाट कमजोर जनताहरु पनि लाभान्वित भएको सुनिश्चित गर्ने गरी आयोजनाका कृयाकलापहरुको छनौट र कार्यान्वयन गर्न सहयोग तथा समर्थन उपलव्ध गराउनु पर्दछ ।

### तालिका २- कमजोर समुह विकास कार्यक्रमहरु र अनुमानित बजेट

| क.सं. | आदिवासी/कमजोर जनताका सवालहरु सम्बोधन गर्ने कृयाकलापहरु | को जिम्मेवार छ ? | अनुमानित बजेट |
|---|---|---|---|
| १. | सूचना, शिक्षा तथा सञ्चार कार्यक्रमहरुलाई कमजोर जनताको आवश्यकतासंग एकीकृत गर्ने<br>आयोजनाका कृयाकलापहरु सिभिल कार्य, बैठक, कार्यशाला भ्रमणहरु आदिमा कमजोर जनताको उच्चतर सहभागिता र संलग्नता | आयोजना/ गैर-सरकारी संस्था/ जल उपभोक्ता संस्था<br>आयोजना / ठेकेदार<br>जल उपभोक्ता संस्था/ गैर सरकारी संस्था | आयोजना अन्तर्गतकासूचना, शिक्षा र संचार कृयाकलापहरु कमजोर जनताका आवश्यकताहरु प्रति पर्याप्त मात्रामा अभिमुख भएको कुरा आयोजना/ गैर-सरकारी संस्थाले सुनिश्चित गर्ने<br>आयोजना अन्तर्गत तालीम कार्यक्रमहरुको आयोजना गर्ने, जल उपभोक्ता संस्थाका वैठकहरु/अन्य कृयाकलापहरुमा कमजोर जनता सकृय रुपले सहभागी भएका र ज्यालादारी काम प्राथमिकताका साथ पाएको सुनिश्चित गर्ने<br>समान कामको लागि समान |

| | | | |
|---|---|---|---|
| | | | ज्याला सुनिश्चित गर्ने |
| २. | वचत ऋण समुहहरु गठन गरी वचत गर्ने वानी विकास गर्ने, कमजोर समुह, आदिवासी, जनजातीलाई उत्पादनमूलक कृयाकलापहरुमा नगदको समुचित उपयोगका लागि परामर्श सेवा उपलव्ध गराउने | आयोजना/ गैर सरकारी संस्था/ जल उपभोक्ता संस्था | प्रति योजना रु. २५००००/- सम्म |
| ३. | सामुदायिक संरचनाहरु जस्तै स्कूल, भवन, खानेपानी सुविधा, सिंचाइ, बजार आदिको सुधार । | आयोजना/ जिल्ला कृषि विकास अधिकृत/ गैर सरकारी संस्था | प्रति योजना रु. ५,००,०००/- सम्म |
| ४. | स्वास्थ्य सुरक्षा सेवा, जनचेतना अभिबृद्धि, अभियान, पोष्टरिङ्ग, कण्डमको वितरण आदिको माध्यमबाट एचआइभि/एड्स नियन्त्रण गर्ने | आयोजना / ठेकेदार/ स्वास्थ्य चौकी / गैर-सरकारी संस्था | प्रति योजना रु. २,५०,०००/- सम्म । |
| ५. | अन्य (स्थानीय आवश्यकता र | | |

| | | | |
|---|---|---|---|
| | संभाव्यतामा आधारित | | |
| | **जम्मा** | | प्रति योजना रु. १०,००,०००/- सम्म । |

आदिवासी जनजाति विकास योजना अन्तर्गत प्रति उपआयोजना तहको अनुमानित लागत लगभग रु. १०,००,०००/- सम्म विभिन्न कार्यहरु जस्तैः १) आयमूलक, २) संरचना विकास /सुधार, र ३) स्वास्थ्य र सरसफाईमा खर्च गर्न सकिने छ ।[3] कार्यक्रम अन्तर्गतको केही खर्च सहायक तहका कृयाकलापहरु कार्यान्वयन गर्न बढी जिम्मेवार रहेका गाविस, गैर-सरकारी संस्था र जल उपभोक्ता सस्थाहरुबाट व्यहोरिने अपेक्षा गरिएको छ ।

साथै, समुहको आवश्यकता र स्थानीय प्राथमिकताका आधारमा उप-आयोजनाका कार्यक्रमहरु फरक फरक हुन सक्दछन् । स्थानीय संस्था, जल उपभोक्ता सस्था, गाविससंग निकट परामर्श गरी बिशेषज्ञहरुले कार्यान्वयनको विस्तृत समय तालिका, अनुगमन तथा सुपरीवेक्षण योजना लगायत आदिवासी जनजाति विकास योजनाहरु तयार गर्नु पर्दछ ।

## ४. कार्यान्वयन सम्बन्धी रणनीतिहरु

आयोजनाले अधिकाँश दलीत रहेको कमजोर जनता तथा भूमिहिन, अतिक्रमण गर्ने व्यक्ति, सुकुम्बासी र महिला घरमूली भएका घर परिवारहरु लगायतका आदिवासी जनजातीलाई सहयोग गर्न निम्नलिखित रणनीतिहरु लगायतका प्रभावकारी रणनीतिहरु ग्रहण गर्नेछ ।

- सूचना, शिक्षा र संचार रणनीतिहरुलाई यी समुहहरुमा अझ बढी केन्द्रित र उत्तरदायी बनाउन थप जोड दिने । सूचना, शिक्षा र संचार प्याकेज र

[3] उप-आयोजना तहमा आदिवासी जनजाती/कमजोर जनतासंग निकट परामर्श गरी खर्चको अनुमान निकालिनेछ ।

कृयाकलापहरुमा कमजोर समुहहरुको उच्चतर सहभागिता सुनिश्चित गर्ने संयन्त्रका बारेमा आयोजनाले विचार गर्नुपर्ने ।

- प्रतिकूल रुपमा प्रभावित जनता, गरीब र आवश्यकता भएका परिवारहरुलाई प्राथमिकता दिई आदिवासी जनतालाई सीपमूलक तालीम उपलव्ध गराउने ताकि उनीहरुले निर्माणको अवधिमा र संचालन तथा मर्मत सम्भारको अवधिमा समेत आयोजनामा निरन्तर काम गर्न सकुन् ।

- प्रत्यक्ष रुपमा प्रभावित आदिवासी जनजातीलाई तालीम र रोजगारीका सम्बन्धमा पहिलो प्राथमिकता दिई त्यसपछि अन्य कमजोर आदिवासी जनजातीलाई प्राथमिकता दिनु पर्दछ ।

- उप-आयोजनाको बोलपत्र सम्बन्धी कागजातमा संभव भएसम्म स्थानीय जनतालाई रोजगारी उपलव्ध गराउने कुरा उल्लेख गरिनेछ ।

- ज्याला दर सरकारबाट निर्धारण गरिएको न्यूनतम ज्याला दर भन्दा घटी हुनु हुंदैन ।

- लिङ्ग, जात र जाती जे सुकै भए तापनि कामदारहरु प्रति समान व्यवहार गर्नु पर्दछ ।

- सीपमूलक तालीम दिई रोजगारी तथा आयमूलक अन्य कृयाकलापहरुमा स्थानीय जनताको संलग्नता सहज बनाउन गैर सरकारी संस्थाहरुले काम गर्नु पर्नेछ ।

- पानी आपूर्ति तथा वितरणमा कमजोर समुहहरु (आदिवासी जनजाती, दलीत, महिला घरमूली भएका घरपरिवार, सीमान्तमा रहेका कृषकहरु) लाई संभव भएसम्म प्राथमिकता दिनु पर्नेछ ।

- यी समुहले जल उपभोक्त संस्था र गाउं स्तरीय जल उपभोक्ता समुहहरुमा पर्याप्त मात्रामा प्रतिनिधित्व गर्नु पर्दछ ।

- कमजोर समुहहरुको क्षमता अभिबृद्धि गर्न सहयोग उपलव्ध गराउने र सम्बद्ध सरकारी निकायहरु (जिल्ला कृषि कार्यालय, जिल्ला पशु स्वास्थ्य कार्यालय, बैंक, सहकारी, महिला विकास कार्यालय आदि) का नियमित सेवाहरुमा उनीहरुको पहुँच अभिबृद्धि गर्ने । खासगरी, गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुले सीप अभिबृद्धि गर्ने विभिन्न उपाय, क्षमता विकास र सशक्तिकरणका लागि कमजोर समुहहरुलाई सहयोग गर्न सक्दछन् ।

## ५. स्थानीय निकायको सहयोग

स्थानीय निकायहरु खासगरी गाउँ विकास समितिहरुले उप-आयोजना क्षेत्रभित्रका कमजोर समुहहरुको हेरविचारमा गतिशील भूमिका निभाउन आवश्यक छ । स्थानीय निकायको रुपमा गाउँ विकास समितिले आफ्ना कार्यक्रमहरुलाई आयोजना, गैर-सरकारी संस्था र जल उपभोक्ता संस्थाहरुसंग समन्वय गरी गरीब र कमजोर समुहहरु प्रति अभिमूख गराउनु पर्दछ ।

## ६. संस्थागत प्रबन्ध

समाजशास्त्री/संस्था संगठकले डिभिजन/सब-डिभिजन तथा जिल्लास्थित सबै सम्बद्ध निकायहरुसंग समन्वय गरी उप-आयोजना तहमा आदिवासी जनजाति विकास योजना कार्यान्वयन गर्नेछ । स्थानीय तहमा सरकारका विभिन्न सम्बद्ध निकायहरु तथा कार्यान्वयन गर्नेछ । स्थानीय तहमा सरकारका विभिन्न सम्बद्ध निकायहरु तथा स्थानीय संगठनहरुसंग आयोजना क्षेत्रका जनता खासगरी उप-आयोजनाबाट प्रतिकूल रुपमा प्रभावित आदिवासी जनजातीलाई उनीहरुको बिशिष्टिकृत सेवा तथा सामग्री उपलव्ध गराउन सम्पर्क स्थापित गरिनेछ । समाजशास्त्री/संस्था संगठकले सूचना, शिक्षा र संचार कृयाकलापहरु तथा जिल्ला

कृषि कार्यालय र पशु सेवा/पशु चिकित्सा कार्यालयहरुका विस्तारित सेवाहरु यस्ता समुहहरुसम्म उपयुक्त र प्रभावकारी ढंगले पुगेको सुनिश्चित गर्नेछन् । त्यसैगरी, स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकी, गैर-सरकारी संस्था र गाउं विकास समितिहरुसंग पनि तिनका सेवाहरु प्रभावित जनतालाई उपलव्ध गराउनका लागि समन्वय गरिनेछ ।

## ७. कार्यान्वयन समयतालिका

आदिवासी जनजाती विकास योजना अन्तर्गतका कृयाकलापहरु दुई बर्ष भित्रमा सम्पन्न गरिनेछन् । आयोजना चक्र अर्थात (१) निर्माण पूर्व, (२) निर्माण अवधिमा, र (३) निर्माण पछि विभिन्न समयमा यस्ता कृयाकलापहरु संचालित हुनेछन् । समुहको गठन, परामर्श र जानकारी आदान प्रदान जस्ता तयारीका कामहरु प्रारम्भिक अवधि अर्थात आयोजना डिजाइनको चरणमा रहेको अबस्थामा सम्पन्न गरिनेछन् । आदिवासी जनतालाई रोजगारी उपलव्ध गराउने, वचत गर्ने वानी विकास गर्ने र आफ्नो आर्जन वा आयको उपयुक्त ढंगले उपयोग गर्ने, स्वास्थ्य सम्बन्धी सचेतनाको व्यवस्था तथा एचआइभि/एड्स लगायत विरुद्ध सुरक्षाका उपायहरु उपलव्ध गराउने जस्ता सहयोग कार्यान्वयन चरणमा उपलव्ध गराईनेछ । यो चरण दोस्रो बर्षमा प्रारम्भ हुनेछ । आदिवासी जनजाती विकास योजना अन्तर्गत कार्यान्वयन पछिका कृयाकलापहरु जस्तै सामग्री वा आगत, विस्तारित सेवा उपलव्ध गराउने, सरकारी तथा गैर-सरकारी सेवाहरुमा पहुँच अभिबृद्धि गर्ने जस्ता कामहरु निर्माण कार्य सम्पन्न भई संचालन तथा मर्मत सम्भारको चरण शुरु भएपछि सम्पन्न गर्नु पर्दछ । तथापि, उप-आयोजना प्रारम्भको विस्तृत योजना र डिजाइन ज्ञात भएपछि वास्तविक समयतालिकामा परिमार्जन गर्नुपर्ने हुनसक्छ ।